नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा)

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- ०७४/७५

चलानी नं.:- २१२

मिति: २०७४।०८।२६

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै),
श्री महानगर कार्यपालिकाको कार्यालयहरु (सबै),
श्री उपमहानगर कार्यपालिकाको कार्यालयहरु (सबै),
श्री नगर कार्यपालिकाको कार्यालयहरु (सबै),
श्री गाउँ कार्यपालिकाको कार्यालयहरु (सबै) ।

अत्यन्त जरुरी

विषय: निर्वाचित जनप्रतिनिधिज्यूको आ.व. २०७३/७४ को सम्पत्ति विवरण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहका निर्वाचित पदाधिकारीज्यूहरुले सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था गरेको सन्दर्भमा अख्तियारवाला निकायहरुबाट पत्राचार भए बमोजिम यस मन्त्रालयको च.नं. ३०२, मिति २०७४/०३/२८ र च.नं. १८२, मिति २०७४/०७/२४ को पत्रबाट सम्पूर्ण स्थानीय तहका निर्वाचित जनप्रतिनिधिज्यूहरुले आ.व.२०७३/७४ को सम्पत्ति विवरण सम्बन्धित स्थानीय तहमा बुझाएको/नबुझाएको अभिलेख प्रविष्टि गर्ने कार्य सम्पन्न गर्न सम्पूर्ण जिल्ला समन्वय समितिको कार्यालयहरुलाई अनुरोध गरिएकोमा हाल सम्म जम्मा २० (बीस) जिल्लाबाट आंशिक रुपमा मात्र अभिलेख प्रविष्टि गरेको पाईएको हुँदा ७ (सात) दिन भित्र सम्पत्ति विवरण बुझाउने/नबुझाउने जनप्रतिनिधिहरुको पूर्ण अभिलेख राष्ट्रिय सतर्कता केन्द्रको Website: bibaran.nvc.gov.np मा प्रविष्ट गरी सोको जानकारी पठाउनु हुन अनुरोध गर्दछु ।

साथै उक्त अनलाईन सफ्टवेयरमा अभिलेख प्रविष्टि गर्न प्राविधिक कठिनाई भएको अवस्थामा मात्र तपसिल बमोजिमको ढाँचामा विवरण भरी ७ (सात) दिन भित्र उपलव्ध गराईदिनु हुन समेत अनुरोध गर्दछु ।

उपर्युक्त बमोजिम नभएमा सोको कानून बमोजिमको प्रक्रिया शुरु हुने व्यहोरा अख्तियार प्राप्त निकायहरुबाट ताकेता समेत भई सकेको हुँदा शिघ्रातिशिघ्र सम्पत्ति विवरण दर्ता गरेको जानकारी राष्ट्रिय सतर्कता केंन्द्रको वेवसाईट वा तलको ढाँचामा उपलव्ध गराईदिनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०८/२६ गतेको निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल:

| सि. नं. | स्थानीय तहको नाम | निर्वाचित पदाधिकारीको नाम | निर्वाचित पद | सम्बन्धित कार्यालयमा दर्ता भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | समयमा बुझाएको/ समय पश्चात बुझाएको/ नबुझाएको खुलाउने |

बोधार्थ:
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार ।
श्री सूचना तथा विद्युतीय शासन शाखा, सं.मा. तथा स्था.वि.मन्त्रालय (वेवसाईटमा Upload हुन)
श्री LGCDP/PSU - समन्वय गरी प्रगति जानकारी गराउनु हुन अनुरोध ।

(सुमन घिमिरे)
उपसचिव